परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १४ ❑ अंक १ २०८२ श्रावण ४ आईतवार Sunday 20, JULY 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'
कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।
प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

## शिक्षादीपले गरें १ हजार ५३ विद्यार्थीहरुलाई स्वागत एवंम् अभिमुखिकरण




विराटनगर । विराटनगरको शिक्षादीप कलेजमा कक्षा ११ मा भर्ना भएका १ हजार ५३ विद्यार्थीहरुलाई स्वागत एवंम अभिमुखिकरण गरेका छन् । शक्रवार विराटनगरको सिटी प्यालेसमा विद्यार्थी र अभिभावक दुवैलाई एकै पटक अभिमुखीकरण गरिएको थियो ।

कक्षा ११ को विज्ञान संकायमा भर्ना भएका १८ औं व्याचका १ हजार ५३ विद्यार्थीको स्वागत कार्यक्रम पछि अभिमुखीकरण कार्यक्रम को सहजीकरण मोटिभेटर डा. नविन शर्माले गरिएको थियो । विद्यार्थी र उनीहरुका अभिभावकलाई फरक-फरक सभाहलमा राखेर एकैपटक अभिमुखीकरण गरिएको कलेजका प्रिन्सीपल ज्ञानबहादुर खड्काले जानकारी गराएका थिए ।

विद्यार्थी भर्ना गरिसकेपछि कलेजका बारेमा अभिभावक र विद्यार्थी दुवैले जानकारी लिनु आवश्यक भएको उहाँको भनाई थियो । उहाँले कक्षा ११ र १२ विद्यार्थीको टर्निङ पोइन्ट भएको भन्दै विद्यार्थीको सपना पुरा हुने समय पनि कक्षा ११ र १२ नै भएको वताए । विद्यार्थीहरुलाई अनुशासित हुन आग्रह भने अनुशासित भए विद्यार्थीलाई लक्ष्यमा पुग्न कठिन नहुने वताए ।

कार्यक्रममा एसईईमा ४ जिपीए ल्याएर शिक्षादीपमा भर्ना भएका विद्यार्थीहरु आयुष्मा दाहाल, एलिशा सापकोटा, विशेष पौडेल, प्रिन्सकुमार गुप्ता, प्रियन्स यादव, संयोग भट्टराई, श्रेय शर्मा र प्रवेश परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउने नारायण मण्डललाई सम्मान गरिएको थियो ।

कार्यक्रममा शिक्षादीप एजुकेशन फाउन्डेसनका वांकी अन्तिम पेजमा...

## १४ वटै जिल्लामा भौतिक पूर्वाधार कार्यालय स्थापना

विराटनगर । कोशी प्रदेशको १४ वटै जिल्लामा भौतिक पूर्वाधार कार्यालय स्थापना गरिएको छ । कोशी प्रदेशका सबै जिल्लामा पूर्वाधार निर्माणका कामलाई व्यवस्थित र सहज ढङ्गले सञ्चालन गर्न प्रदेश सरकारले पूर्वाधार कार्यालयहरू सुरु गरेको छ ।

सुनसरीको इनरुवामा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले भौतिक पूर्वाधार कार्यालयको विहीवार उद्घाटन गरेको थियो । मुख्यमन्त्री कार्कीले कार्यालय उद्घाटन गर्दै नागरिकको घर नजिकको प्रदेश सरकारको कामलाई प्रत्यक्ष रूपमा जनतालाई महसुस गराउने उद्देश्यसहित प्रदेशका १४ वटै जिल्लामा पूर्वाधार विकास कार्यालय स्थापना गरिएको जानकारी गराएका थिए ।

उहाँले प्रदेश सरकारको विकासको कामलाई तत्काल अगाडि बढाउन र स्थानीयको प्राथमिकताको आवश्यकतालाई मध्यनजर गर्दै सरकारको योजना अनुसार कार्यालय स्थापना गरिएको भन्दै कार्यालय स्थापना भएसँगै चालु आर्थिक वर्षमा गर्नु पर्ने कामहरु असोज महिनाभित्रमा अगाडि बढाउन कर्मचारीलाई निर्देशन दिएका थिए उहाँले अब जिल्ला जिल्लामा कार्यालय स्थापना भएपछि असारे विकासको प्रथा पनि अन्त्य हुने दावी गरेका थिए ।

वांकी अन्तिम पेजमा...

## चौथो परिषद्बाट प्रतिष्ठानको आगामी वर्षको बजेट स्वीकृत

विराटनगर । प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान कलवलगुरी झापाले चौथो परिषद् बैठकबाट आगामी आर्थिक वर्षका लागि १० करोड ४७ लाख ५० हजार रुपैयाँको बजेट स्वीकृत गरेको छ ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीको अध्यक्षतामा बसेको प्रतिष्ठानको बैठकले बजेट स्वीकृत गरेको छ । प्रदेश सरकारले एकमुष्ट रुपमा दिएको २ करोड ७० लाख र प्रतिष्ठानको आन्तरिक आम्दानी १६ लाख गरेर २ करोड ८६ लाखको कार्यक्रम बैठकले तय गरेको छ ।

त्यस्तै प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम अन्तर्गत ७ करोड ६१ लाख ५० हजार रुपैयाँ बराबरको कार्यक्रम स्वीकृत गरिएको छ । प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका अनुसार यो बजेट सरकारको प्रदेश सभाबाट पारित पनि भइसकेको छ ।

बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री कार्कीले प्रतिष्ठानले कर्मचारीहरूलाई स्मार्टनेस बनाउने गरी तालिम गर्नुपर्ने भन्दै प्रतिष्ठानलाई सबैले चिन्ने र विश्वासिलो बनाउने गरी अगाडि बढाउन निर्देशन दिएका थिए । आम मानिसले चिन्ने र बदलिदो प्रविधि अनुसार अपडेट गरेर वांकी अन्तिम पेजमा...

## अरनिको अवासीय सकेन्डरी स्कुलको विज्ञान संकायमा विदेशी विद्यार्थी सहित ११ सय भर्ना


विराटनगर । अरनिको अवासिय सकेन्डरी स्कूलमा कक्षा ११ को विज्ञान संकायमा कोशी र मधेश प्रदेश बाहेक भारत, जमैका, म्यानमार, नामिविया देशका गरी १ हजार १ सय विद्यार्थीहरुलाई शुक्रवार एक कार्यक्रमका आयोजना गरी स्वागत एवंम अभिमुखिकरण गरेका छन् ।



विज्ञान संकायमा भर्ना हुनका लागि २ हजार भन्दा बढी विद्यार्थीले प्रवेश परीषामा समेल भएकोमा १ हजार १ सय विद्यार्थीको भर्ना लिईएको विज्ञान संकायका संयोजक विकास खनालले जानकारी गराएका थिए ।

कार्यक्रममा एसईई परीक्षामा अरनिको माविबाट सर्वोत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीलाई राजबहादुर तथा कमल कुवँर पुरस्कार प्रदान गरिएको थियो । त्यसैगरि कक्षा ११ को प्रवेश परीक्षा, त्रैमासिक परीक्षामा उत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कार वितरण गरिएको अरनिको स्कूलका प्राचार्य राजेश कार्कीले जानकारी दिएका थिए ।

विज्ञान संकायमा अरनि-को नतिजा राम्रो भएकाले विद्यार्थीको आकर्षण बढेको वांकी अन्तिम पेजमा...



क्राईम अपरेशन
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

### शिक्षादीप...

अध्यक्ष तथा कोशी प्रदेशसभा सदस्य भीम पराजुली, शिक्षादीप एजुकेशन फाउन्ड ेसनका चिफ डाईरेक्टरहरु रमेशकुमार मण्डल, सह प्राध्यापक शैलेन्द्र सिवाकोटी, साईन्स कोअर्डिनेटर नविनकुमार रोय, म्यानेजमेन्ट कोअर्डिनेटर शंकर भट्टराई, सञ्चालक सदस्यहरु लगायत को सहभागिता रहेको थियो ।

### अरनिको...

छ । विज्ञान संकायमा भर्ना भएका विद्यार्थीका लागि २३ वटा कक्षामा पठन पाठनको प्रवन्ध मिलाइएको प्रचार्य कार्कीको भनाई छ ।

विद्यार्थी स्वागत कार्यक्रम मा डा. तारा गिरी र डा. नविन शर्माले विद्यार्थीलाई उत्प्रेरणा मुलक मन्तव्य दिएको थियो ।

कार्यक्रममा निर्देशक भरतराज दाहाल, विद्यार्थी सुलभ न्यौपाने लगायतले मन्तव्य व्यक्त गरेका थिए । उक्त कार्यक्रम विद्यार्थी भाई वहिनीहरुले नृत्य पनि प्रस्तुत गरेका थिए ।

### विराटनगरको...

विद्यार्थीले ४ जीपीए ल्याए तर केहि विद्यार्थी भने अनुत्तीर्ण हुनुपर्ने अवस्थालाई राम्रो मान्न सकिदैन ।' सरोकारवाला पक्षले ४ जीपीए ल्याउने विद्यार्थीलाई प्रोत्साहनका लागि सम्मान गर्नु अत्यन्त राम्रो भएपनि त्यसकै आधारमा विद्यालयलाई सम्मान गर्न आवश्यक नरहेको बताएका छन् । सेवा निवृत्त शिक्षा प्रशासक कालाखेतीले शत प्रतिशत विद्यार्थी उत्तिर्ण गर्ने वा अझ भनौं सबैभन्दा राम्रो ग्रेडमा धेरै विद्यार्थी उत्तिर्ण गराउने विद्यालयको चयन गरी उत्कृष्टताको मापन गरिनुपर्ने बताउनुभयो । ताकि हरेक विद्यालयले समग्र विद्यार्थीको शैक्षिक उन्नयनमा ध्यान दिन सकुन् ।

यस विषयमा विराटनगर महानगरपालिकाका शैक्षिक महाशाखा अधिकृत कृष्ण भट्टराईले भने समग्र मूल्याङ्कनकै आधारमा विद्यालयको उत्कृष्टता तय गरिने बताउनुभयो । ४ जीपीए ल्याउने विद्यार्थीलाई सम्मान भने उपल्लो नतिजा ल्याएकाले प्रोत्साहन स्वरुप गरिएको बताउनुभयो ।

समग्रतामा शतप्रतिशत नतिजा निकाल्न सक्ने उत्कृष्ट विद्यालयहरुमा एभरेष्ट सेकेन्डरी स्कुल देखिन्छ । जहाँ शतप्रतिशत उत्तिर्ण मात्र नभई शतप्रतिशत विद्यार्थीले नै निर्धारित जीपीए (महानगरले आधार बनाएको ३.२ जीपीए) भन्दा माथि ल्याएको देखिन्छ । बिकेभीएमबाट एक जना विद्यार्थीले एनजी ल्याएकाले उत्तिर्ण प्रतिशतमा कमी हुन पुगेको छ भने सगरमाथाका ६ विद्यार्थी एनजी आएकाले उत्तिर्ण प्रतिशत ९४. ५० प्रतिशतमा झरेको छ । यस्तै ८८ विद्यार्थीले परिक्षा दिएको बुढानिलकण्ठको एक विद्यार्थी ले एनजी ल्याउँदा ९८ दशमलव ८६ प्रतिशतले मात्र उत्तिर्ण गरेका छन् ।

यसैगरि सामुदायिक तर्फका बढी विद्यार्थी हुने चार विद्यालय मध्ये पोखरीया माविका ४१७ विद्यार्थी मध्ये ४१२ जनाले ग्रेड प्राप्त गर्दा ५ जना ग्रेड बिहीन बनेका छन् । पोखरीयाका ९८.८० प्रतिशत विद्यार्थीले उत्तिर्ण गरेका छन् । यो तथ्याङ्क अनुसार सामुदायिक विद्यालय हरुमा पोखरी मावि अब्बल देखिन्छ । आदर्श स्कुलका ९०.८८ प्रतिशत विद्यार्थीले उत्तिर्ण गरेका छन् । जहाँ ३२९ विद्यार्थीले परिक्षा दिएकोमा २९९ विद्यार्थीले ग्रेड ल्याउँदा ३० जना विद्यार्थी ग्रेड बिहीन बन्न पुगेका छन् ।

सत्यनारायणका २९७ मध्ये २३८ विद्यार्थी उत्तिर्ण हुँदा ५९ जना विद्यार्थीले एनजी ल्याए । यस्तै गोग्राहा मावि बाट १४७ जना विद्यार्थीले एसईई परिक्षा दिएका थिए भने ७० जनाले ग्रड ल्याउँदा ७७ जनाले एनजी प्राप्त गरे । गोग्राहाले मात्र ४७.६२ प्रतिशत नतिजा निकालेको छ । अरुण खबरबाट ।

### १४ वटै...

उहाँले मन्त्रीहरुले प्राथमिकता निर्धारण गर्न नसक्दा समानुपातिक रुपमा बजेटको विनियोजन हुन नसकेको गुनासो नागरिकको र जनप्रतिनिधिहरुबाट आएको बताउँदै अब यसलाई हटाउनु यस कार्यालयले जिल्लाको प्राथमिकता निर्धारण गर्नुपर्नेमा जोड दिएका थिए ।

मुख्यमन्त्री कार्कीले सुनसरी जिल्ला आफ्नो गृहजिल्ला नभएपनि त्योभन्दा बढी लगानी गरेको उल्लेख गर्दै प्रदेशकै ठूलो आयोजना कोशी रिफ्रेसमेन्ट सेन्टर यसैबर्षबाट सञ्चालनमा आउने, त्यहाँ दुई वर्षभित्रमा अरवौका संरचना निर्माण गर्ने गरी प्रक्रिया अगाडि बढाएको जानकारी दिँदै रामधुनी र कोशी टप्पुलाई पर्यटकीय आर्कषक गन्तब्यको रुपमा विकास गर्न लागिपरेको उल्लेख गरेका थिए । दुहवी-इनरुवा सडकको यसैबर्षबाट ठेक्का लगाएर निर्माण काम अगाडि बढाउने र कौवाखोच सडक निर्माणको लागि आवश्यक सहकार्यलाई तिब्रता दिएका मुख्यमन्त्रीले वताए ।

भौतिक पूर्वाधार मन्त्री भूपेन्द्र राईले खोटाङमा सोही दिन भौतिक पूर्वाधार कार्यालय उद्घाटन गरेको थियो । त्यसैगरी साउन साउन २ गते सोलुखुम्बु, ४ गते तेह्रथुम र ५ गते ताप्लेजुङमा कार्यालय उद्घाटन गर्ने कार्यक्रम छ। यसअघि प्रदेशमा सहरी विकास कार्यालय र पूर्वाधार कार्यालय गरेर नौवटा मात्रै कार्यालय थिए । अब सबै जिल्लामा एउटा एउटा गरेर १४ वटा पूर्वाधार कार्यालय हुनेछन् ।

### चौंथो...

प्रतिष्ठानलाई अगाडि बढाउन उहाँले जोड दिएका थिए । बैठकमा सदस्यका रूपमा प्रदेशको प्रमुख सचिव, प्रदेश लोकसेवा आयोगका अध्यक्ष योजना आयोगका उपाध्यक्ष, विभिन्न पालिकाका प्रमुख र उपप्रमुख सहभागी रहेको थियो ।

## दश बोरा गाँजा बरामद




रंगेली । धनपालथान गाउँपालिका-१ स्थित गदिया खोलाको किनारमा लुकाएर राखिएको १० बोरामा करिब ३ सय २३ किलो लागूऔषध गाँजा प्रहरीले बरामद गरेको छ ।

इलाका प्रहरी कार्यालय रंगेलीबाट प्रहरी निरीक्षक नरेन्द्र बोगटीको कमाण्डमा खटिएको टोलीले धनपालथान गाउँपालिका-१ स्थित गदिया खोलाको किनारमा लुकाएर राखिएको ठूलो परिमाणको अवैध लागूऔषध गाँजा बरामद गरेको हो ।

बिहानको समयमा गदिया खोलाको किनारमा लुकाएर राखिएको ठूलो परिमाणको अवैध लागूऔषध गाँजा बरामद गरेको बरामद भएको छ ।

प्रहरी टोलीले घटनास्थल बाट १० बोरामा प्याक गरिएको अंदाजी ३२३.३०० ग्राम (३२३ किलो ३०० ग्राम) लागुऔषध गाँजा बरामद गरिएको छ । लागुऔषध गाँजा कारोबारमा संलग्न व्यक्तिहरुको पहिचान तथा खोजतलासको कार्य जारी रहेको प्रहरीले जनाएको छ।

## बाढी र पहिरोबाट सचेत होऔं ।

बाढी र पहिरो आउनुअधि :
- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानरकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक परिहो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔ,
- आपतकालीन झोला ( प्राथमिक उपचार सामग्री, खानेकुरा, लुगाफाटालगायत) तयार राखौं,
- जोखिममा पर्का बालबालिका, वृद्धवृद्धा र अपांगता भएका व्यक्तिहरुलाई प्राथमिकता दिऔं ।

बाढी र पहिरो आएमा :
- अनावश्यक हिलडुल नगरौ,
- सुरक्षित स्थानतर्फ जाऔं,
- विजुलीका लाइन वा पोलहरुबाट टाढा रहौं,
- खोलानाला सुरङ्गित तवरले पार गरौं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
- घाईते वा फेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।

खाना पकाउने ग्यास (एलपी ग्यास)
प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी
## अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु



- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधैं ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिसौं ।

नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर

परिवर्तनको लागि
क्राईम अपरेशन
Crime Operation साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### लागुऔषध नियन्त्रणमा चुनौती

खुल्ला सिमानाका कारण अहिले लागुऔषध नियन्त्रणमा प्रहरीलाई चुनौती भएको छ। मोरंगको रानी नाका देखि पूर्व रतुवामाई नाका सम्मको खुल्ला सीमावाट दिनहुँ लागुऔषधहरु ओसारपसार भई रहको छ। त्यसमा प्रहरीको सक्रियताले ओसार पसारमा संलग्न व्यक्तिहरुलाई नियन्त्रणमा समेत लिने काम गरेको छ। प्रहरीकै सक्रियतामा सिमाक्षेत्रमा आधमा दर्जन ठाउमा लुकाई छिपाई रराखेको गाँजाहरु प्रहरीले धमाधम बरामद गरि रहको छ। तर पनि लागुऔषध कारोवारमा कमी आएको देखिदैन।

लागुऔषध समस्या आज केवल स्वास्थ्य र सामाजिक विषय मात्र नभई कानुनी चुनौतीका रूपमा पनि देखा परेको छ। विशेष गरी युवापुस्ता लागुऔषधको दलदलमा फस्दै गएको अवस्था डरलाग्दो छ। यस्तो समस्याको नियन्त्रण र नियन्त्रणका लागि जिम्मेवार प्रहरी निकायवाट सक्रियता देखाएपनि खुल्ला सिमानाकाले पूर्ण रुपमा लागुऔषध कारोवारलाई निस्तेज गर्न सेकका छैन। लागुऔषध कारोबार भूमिगत मात्रै नभई सीमा पार व्यापार, सञ्जाल, र राजनीतिक संरक्षणको आडमा अझ जटिल बन्दै गएको छ।

समाजमा लागुऔषधको प्रयोग घटाउन शिक्षा, सचेतना र पुनर्स्थापना कार्यक्रमहरू पनि प्रभावकारी रूपमा अगाडि बढ्न सकेका छैनन्। प्रहरीलाई मात्र दोष दिएर यो समस्या समाधान हुँदैन। प्रहरीको कार्यलाई सशक्त बनाउने, भ्रष्टाचारमुक्त राख्ने, पारदर्शी बनाउने र आवश्यक स्रोतसाधन तथा सहयोग प्रदान गर्न सरकार र सम्पूर्ण समाज जिम्मेवार हुन आवश्यक छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वार्द्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# विद्यार्थीहरूलाई लेखन कसरी सिकाउने ?

प्रविज्ञ रेग्मी

एक जना मेरा मित्र हुनुहुन्छ। उहाँको तार्किक प्रतिभा तीक्ष्ण छ। धाराप्रवाह बोल्नुहुन्छ। अनेक विषयहरूमा गहिरो ज्ञान पनि राख्नुहुन्छ।

एक दिन गफगाफका क्रममा भन्नुभयो–मेरा विचारहरू लेख्न मन लाग्छ। तर जब म लेख्न बस्छु, दुई-तीन वाक्य वा एक अनुच्छेदमा पुगेपछि मेरो कलम अड्किन्छ। लेख्ने कुरा नै आउँदैन। के भएको होला ?

जानेको कुरा किन लेख्ने बेलामा नफुरेको? समस्या के हो? कहाँ रोकिन्छन् ती तर्क र विचारहरू? केले रोक्छ ?

शब्दहरू दोहोरिइराख्छन्, आएका विचारहरू हराउँछन् र के लेख्ने भन्ने छेउ-टुप्पो हराउँछ।

विद्यार्थीहरू पनि माथिल्लो कक्षामा पुग्दा कुनै मौलिक लेखन गर्न थाले भने यही समस्या आउँछ। गृहकार्य गर्न कठिन हुन्छ र पाठ बुझाउन अरूको सार्ने वा अन्य स्रोतबाट बौद्धिक चोरी गर्ने गम्भीर प्रवृत्ति विकास हुन सक्छ।

म यो लेखमा लेखन रोकिनुका पछाडि रहेका तथ्यहरूको विश्लेषण गर्ने छु। समाधानको प्रारम्भिक रूपरेखा दिनेछु। आशा छ, विद्यालय, शिक्षकहरू र अन्यलाई पनि उपयोगी हुने छ।

यस्तो कठिनाइ भएका शिक्षितहरू धेरै भेटिन्छन्। यसलाई 'लेखन अवरोध' (राइटर्स ब्लक) भनिन्छ। यो एउटा मानसिक स्थिति हो जहाँ विचार अभिव्यक्ति रोकिन्छ र तर्क शून्यताको आभास हुन्छ। विचारको सुरू, मध्य र अन्त्यको गडबडी हुन्छ।

यस्तै किसिमको समस्या पठनमा पनि हुन्छ। यसलाई पठन दुःसाध्यता भनिन्छ। कुनै किताब पढ्न बस्यो, दुई-चार पाना पल्टायो, अनि किताबलाई सधैंका लागि थन्क्यायो। पढ्ने मन हरायो। फेरि अर्को किताब प्रयास गर्दा पनि त्यही समस्या बल्झियो। स्व-अध्ययनको बाटो अलमलियो। यो सदाका लागि कठिन कर्म बन्यो। यो पठन सहनशीलता अभावको अवस्था हो।

गुणस्तरीय विद्यालयहरू ले यस्ता कठिनाइहरू पछि विकास नहून् भनेर प्राथमिकदेखि माध्यमिक तहसम्म नै यसलाई शैक्षिक कार्यक्रमको केन्द्रमा राख्छन्। यो विद्यालयको साक्षरता कार्यक्रम वा 'लिटरेसी' अन्तर्गत पर्छ।

उल्लेख्य के छ भने, साक्षरता भनेको अक्षर चिन्ने र लेखपढ गर्न सक्ने मात्र होइन। साक्षरताको विस्तृत अर्थ छ।

साक्षरता भनेका पढ्ने, लेख्ने, सुन्ने र बोल्ने सीपहरूको एकीकृत क्षमता हो। भाषालाई गहिरो रूपमा बुझ्न सक्ने, विचारहरू अभिव्यक्त गर्न सक्ने, तार्किक भएर व्याख्या गर्न सक्ने, प्रभावकारी सञ्चार गर्न सक्ने, अर्थपूर्ण प्रतिक्रिया दिन सक्ने एक महत्वपूर्ण जीवन उपयोगी खुबी हो।

अर्को भाषामा भन्दा, कुनै व्यक्तिमा उपर्युक्त चारमध्ये का कुनै एक वा अन्य सीपको अभाव भएमा साक्षरताको समस्या भन्न सकिन्छ।

ओइसिडीको अध्ययनले १२ प्रतिशत शिक्षित समुदायले मात्र 'लेभल-४' साक्षरता पार गरेको देखाउँछ, जसले विश्लेषण युक्त लेखन गर्न सक्छन्।

स्तरीय लेखन 'लेभल-५' पार गरेका ४ प्रतिशत वा कमले मात्र गर्न सक्छन्। लगभग ६८ देखि ७० प्रतिशत (स्नातकोत्तर सहित) 'लेभल-२' र 'लेभल- ३' मै रहन्छन्।

यसर्थ लेखन क्षमता भएका मानिसहरू समाजमा उल्लेख्य रूपमै थोरै छन्।

पठन र लेखन बाहेक अन्य साक्षरता (लिटरेसी) पनि छन्। तीमध्येका प्रमुख गणितीय साक्षरता (न्युमरेसी), डिजिटल साक्षरता, आर्थिक (फाइनान्सियल साक्षरता), भावनात्मक, सामाजिक साक्षरता इत्यादि हुन्। प्रगतिशील शिक्षाले साक्षरताको पारम्परिक साँघुरो परिभाषाको परिधिलाई विस्तृत बनाएको छ।

वयस्कका पठन र लेखनका कठिनाइको सुरूआत पूर्व प्राथमिक विद्यालयदेखि नै हुन्छ र समय क्रममा त्यही जटिलताका रूपमा विकास हुन्छ।

शैक्षिक क्षेत्रको यो अति नै महत्त्वपूर्ण पक्षको मूल विद्यालय-शिक्षामै रहन्छ। र, यो विशेषतः प्राथमिक-शिक्षामा विकसित हुन्छ। यसलाई विद्यालयको साक्षरता कार्यक्रम अन्तर्गत पठन र लेखन दुवै सन्तुलित रूपमा समावेश गरी समानान्तर लगिन्छ।

पठनले शब्दज्ञान बढाउँछ, व्याकरण सुदृढ बनाउँछ, विषयवस्तुको ज्ञानलाई गहिराइमा पुऱ्याउँछ र लेखनको संरचना उजागर गर्छ। लेखनले हिज्जे शुद्ध गर्छ, शब्दका ध्वन्यात्मक चिनारी दिन्छ, तर्क संगठित गर्छ र व्याकरणलाई वास्तविक जीवनको प्रयोगमा ल्याउँछ।

यसरी पठन र लेखन अन्योन्याश्रित बन्दै भाषा-ज्ञानलाई गहिरो बनाउँछन्। यति मात्र होइन, पठन र लेखन, यी दुई क्षमताले विद्यार्थीका वैचारिक सक्षमताको आधार खडा गर्छन्।

लेखन सुदृढ गर्न प्रशस्त अनुसन्धान गरिएका छन्। यीमध्येका एक प्रसिद्ध अध्येता लुसी क्यालकिन्सले लेखन सीपको अवधारणालाई व्यावहारिक बनाउन यसको प्रक्रियालाई अत्यन्तै प्रभाव कारी ढंगले सुसंगठित गरेकी छन्।।

उनले लेखन सीपको विकासमा सुझाएको विधिलाई लेखकको कार्यशाला (राइटर्स वर्कशप) मा संरचनात्मक तरिकाले प्रस्तुत गरेकी छन्। यसमा लेखनलाई पाँच चरणबद्ध प्रक्रियामा राखिन्छ। ती हुन। पूर्वलेखन, खेस्रा निर्माण, संशोधन, सम्पादन र प्रकाशन।

उनको लेखन अध्ययनका इकाइहरू विश्वका प्रायः सबै स्तरीय विद्यालयमा प्रयोग गरिन्छन्, जसमध्ये प्राथमिक तहमा व्यक्तिगत वृत्तान्त, विवरणात्मक लेखन, कथात्मक वृत्तान्त र व्याख्यात्मक लेखनलाई केन्द्रमा राखिन्छ।

यस प्रक्रियामा लेखनलाई चिन्तन, वैचारिक विकास र अन्वेषणलाई सँगसँगै लगिन्छ र लेखनलाई चौतर्फी पूर्णता दिइन्छ।

लुसी क्यालकिन्सको अध्ययनले अध्यापनका धेरै प्रभावकारी पक्ष समेट्छ। जस्तै, विद्यालय तहको शिक्षामा विद्यार्थीहरूले लेखन गर्दा शिक्षकलाई उत्कृष्ट काम देखाउने नभई तिनका लेखनलाई वास्तविक पाठक हरूतर्फ लक्षित गरिन्छ।

उनी भन्छिन्, 'विद्यार्थीलाई सिकारूका रूपमा मात्र कहिल्यै नलिनू। यसको सट्टा उनीहरूलाई लेखकको स्थान दिनू ताकि विचारहरू बिना रोकटोक अभिव्यक्त गर्ने मौका मिलोस्।'

विद्यार्थीलाई शिक्षकको सैद्धान्तिक मार्गदर्शनले मात्र पुग्दैन। उनीहरूलाई लेखनको निर्देशन गर्ने शिक्षक स्वयं पनि लेखनमा र लेखनको आधारभूत संरचनात्मक खाकामा कुशल हुनपर्छ।

शिक्षकले विद्यार्थीका लेखनलाई स्थान दिनुपर्छ र तिनको सुधारात्मक मूल्यांकन गर्नुपर्छ। सुधारात्मक पक्ष आलोचना केन्द्रित हुन हुँदैन। यसो गर्दा विद्यार्थीहरूको विचार-लेखन हौसला कायम रहन्छ।

लेखनलाई भाषागत विषयमा मात्र सीमित राख्न

बांकी ४ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरिसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# पूर्व गृहमन्त्रीलाई मोरंग उद्योग व्यपारसंघको ज्ञपन-पत्र

विराटनगर। मोरङ उद्योग व्यापार संघको टोलीले विराटनगर आएका पूर्व गृह मन्त्री एवं नेपाली कांग्रेसका बालकृष्ण खाँणलाई भेटघाट गरी उद्योगी/व्यवसायीहरुका विद्यमान समस्याहरु बारे अवगत गराउँदै तीनको समाधानार्थ सरकार समक्ष पहल गरिदिन ज्ञापन पत्र बुझाएको छ।



संघका निवर्तमान अध्यक्ष एवं नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य नवीन रिजाल, पूर्व अध्यक्ष पवन कुमार सारडा, वरिष्ठ उपाध्यक्ष अनिल कुमार साह लगायतको नेतृत्वमा गएको संघको टोलीले पूर्व गृह मन्त्री खाँणलाई आगामी आर्थिक वर्ष२०८२-०८३ का लागि सरकारले ल्याएको आर्थिक नीति र मौद्रिक नीति विगतका भन्दा अझै उद्योग/ व्यवसाय मैत्री रहेको जानकारी गराएको थियो।

साथै, केहि वस्तुका करका दरहरुमा गरिएका हेरफेरबाट नकारात्मक प्रभाव पर्न गएका उद्योग/व्यवसायहरु सहितउद्योग/व्यवसाय क्षेत्रका केहि विद्यमान आवश्यकताहरु समेटी संघद्वारा तयार पारिएको ज्ञापन पत्र बुझाइएको थियो।

ज्ञापन पत्र बुझाउने क्रममा संघका निवर्तमान अध्यक्ष रिजालले नेपालको अत्याधिक बीमा प्रिमियम दर न्यूनिकरण गर्नु पर्ने तथा बीमाका अन्यायिक नीतिहरु खारेज गर्नु पर्ने, कवाडीजन्य फलामको धुलो र टुक्रा सिसाको निकासीमा लगाइए को भन्सार महसुल खारेज गर्नु पर्ने लगायतका विषयहरु जानकारी गराएको थियो।

त्यसैगरी, संघका पूर्व अध्यक्ष पवन कुमार सारडाले वायर रड उत्पादक उद्योगहरुको कच्चा पदार्थ, एम.एस. वायर रडको भन्सार महसुलमा गरिएको बृद्धि र अतिआवश्यकीय सुतिका लत्ता कपडाको आयातमा लाग्दै आएको मु.अ.कर खारेज गर्नु बताएको थियो।

सोही क्रममा संघका वरिष्ठ उपाध्यक्ष अनिल कुमार साहले सुन तथा सुनका गरगहनाको विक्री मुल्यमा लगाइएको २ प्रतिशत विलासिता शुल्क तथा बहुमुल्य पत्थर जडित गहनाहरुमा लगाइएको १३ प्रतिशत मु.अ.कर को व्यवस्था खारेज गर्नु पर्ने लगायतका विषय वस्तुहरु अवगत गराउँदै सरकारबाट ती विषयहरुमा सुधारात्मक कदम चाल्न आफ्नो स्तरबाट आवश्यक पहल गरिदिन पूर्व गृह मन्त्रीलाई आग्रह गरेको थियो।

टोलीमा संघका वाणिज्य उपाध्यक्ष अनिल सारडा, महासचिव संजय कुमार श्रेष्ठ सहित संघका कार्यसमिति सदस्यहरु, आमन्त्रित सदस्य हरु, महिला उद्यम समिति सदस्यहरु समेतको उपस्थिति रहेको थियो।

# विराटनगरको एसईई नतिजा संस्थागतमा एभरेष्ट र सामुदायिकमा पोखरीया अब्बल

विराटनगर। २०८१ सालको एसईईको परीक्षाफल २०८२ असार १३ गते प्रकाशित भयो। देशभरबाट नियमित तर्फ ४ लाख ३८ हजार ८ सय ९६ जना विद्यार्थी सहभागि थिए। यस वर्ष नतिजा सुधारिएर ६१ दशमलव ८१ प्रतिशत विद्यार्थीले ग्रेड प्राप्त गरे। बाँकी एनजी अर्थात ग्रेड बिहीन बन्न पुगे। प्रतिशत विद्यार्थीले ग्रेड प्राप्त गरे भने बाँकीले एनजी ल्याए। देशभरको कुल रिजल्ट सँग महानगरको नतिजा तुलना गर्दा २० प्रतिशत भन्दा बढीले राम्रो स्थिति देखिन्छ।

यद्यपी समग्रतामा हिसाब गर्दा ९७ विद्यालय मध्ये २ विद्यालयको नतिजा शुन्य सफल भए। प्रतिनिधि मुलक रुपमा एक सामुदायिक र २७ वटा संस्थागत विद्यालय छन्। यो तथ्याङ्कलाई हेर्ने हो भने सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न अझै मेहनत गर्नुपर्ने विज्ञहरुको भनाई छ।

सेवा निवृत्त शिक्षा प्रशासक अशोक काल गड्तौलाले हरेक विद्यालयको गुणस्तर सुधार्न आधारभूत तह देखिनै ध्यान दिन जरुरी रहेको बताउनुभयो। विद्यार्थीको प्राप्ताङ्क भनेको एउटा 'इन्डिकेटर' मात्र हो भन्दै उहाँले विद्यार्थीलाई व्यवहारत जीवनसँग जोडेर अघि बढ्न सिकाउनुपर्ने आवश्यकता औल्याउनुभयो।





यस्तै विराटनगर महानगर पालिका भित्रका २५ सामुदायिक (सार्वजनिक) र ७२ संस्थागत (नीजि) विद्यालय गरि ९७ विद्यालयका ४ हजार ५ सय २९ जनाले एसईई परिक्षा दिएका थिए। ति मध्ये ३ हजार ६ सय ९० अर्थात ८१ दशमलव ४७ रह्यो। जहाँबाट एक जना विद्यार्थीले पनि ग्रेड प्राप्त गर्न सकेनन्। ति विद्यालय प्रतिनिधि मुलक दृष्टिले एक संस्थागत र अर्को सामुदायिक हुन्। यसैगरि २८ वटा विद्यालयले भने शतप्रतिशत विद्यार्थी उत्तिर्ण गराउन खेतीका अनुसार शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयको अवस्था, त्यहाँको मानव संशाधन, व्यवस्थापकीय अवस्था ख्याल गर्न आवश्यक रहेको बताउनु भयो। जिल्ला शिक्षा समन्वय इकाईका प्रमुख जीवन

अभिभावक संघ नेपालका केन्द्रीय उपाध्यक्ष तथा कोशी अध्यक्ष देवी पन्थी विद्यालय हरुले समग्र विद्यार्थीको समान शिक्षाको प्रबन्ध गर्नुपर्ने आवश्यकता औल्याउनुहुन्छ। उहाँले भन्नुभयो, 'केही

अन्तिम पेजमा...

# तीन जिल्लाबाट लागुऔषध सहित ९ पक्राउ

विराटनगर। सुनसरी, मोरंग र धनकुट्टाबाट लागुऔषध सहित ९ जनालाई प्रहरीले पक्राउ गरको छ। विहीवार सुनसरीको कोशी गाउँपालिका-१ स्थितमा लागू औषध नियन्त्रण ब्यूरो विराटनगर र इलाका प्रहरी कार्यालय लौकहीबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा कोशी गाउँपालिका-२ का ३२ वर्षीय दिनेश कुमार यादव र सप्तरी तिलाठीका २४ वर्षीय रंजित कुमार यादवको साथबाट ३६ ग्राम ब्राउन सुगर फेला पारी नियन्त्रणमा लिएको थियो।

त्यस्तै ईनरुवा नगरपालिका-४ बाट बराक्षेत्र नगरपालिका-९ का १९ वर्षीय प्रबिन बिष्ट र मोरङ बेलवारी नगरपालिका- ९ का अमृत तमाङलाई ट्रामाडोल र एन्टिकफ गरी जम्मा ३०५ पिस औषधी सहित जिल्ला प्रहरी कार्यालय सुनसरी र अस्थायी प्रहरी पोष्ट बसपार्कले नियन्त्रणमा लिएको थियो

अस्थायी प्रहरी चौकी अमरहाट धरानले धरान- १३ बाट मोरङ रंगेलीका रोशन उप्रेतीलाई १० किलोग्राम गाँजा सहित पक्राउ गरेको थियो।

त्यसैगरी साउन १ गते मोरङको सुनबर्षी नगर पालिका-९ स्थितमा इलाका प्रहरी कार्यालय रंगेली र लागू औषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा भारत बिहार सिक्टी ग्राम पंचायतका ३२ वर्षीय सद्दाम हुसेन र भारत अररिया सिक्टी ग्राम पंचायतका ३२ वर्षीय शेर मोहमदलाई ६३ ग्राम १० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो।

सप्तरी हनुमानगर कंकालिनी नगरपालिका-९ की २१ बर्षीया प्रतिक्षा राय लाई १ ग्राम ब्राउन सुगर सहित इलाका प्रहरी कार्यालय लौकहीले कोशी गाउँपालिका-१ स्थितबाट नियन्त्रणमा लिएको थियो। प्रहरी चौकी हिले धनकुटाले शहिदभुमी गाँउपालिका-५ का २३ बर्षीय सुवास राईलाई २ सय ५० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

पक्राउ परेका सबैलाई सम्बन्धित प्रहरीकार्यालय वाट थप अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ।

# लागुऔषध गाँजा बरामद

विराटनगर। मोरङ र सुनसरीको दुई स्थानबाट प्रहरीले ३ सय ७२ किलो ५९० ग्राम लागू औषध गाँजा बरामद गरेको छ।

साउन १ विहीवार मोरङको धनपालथान गाउँपालिका- १ गदिया खोला किनारामा गाँजा लुकाई छिपाई राखेको छ भन्ने विशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय रंगेली र प्रहरी चौकी गर्डेरियाबाट खटिएको प्रहरी टोलीले खोलाको किनार स्थित खेतमा प्लास्टिकको १० वटा बोरामा बेवारिसे अवस्थामा ३ सय २३ किलो ३ सय ग्राम गाँजा बरामद गरेको थियो।

त्यसै गरी सुनसरीको इलाका प्रहरी कार्यालय हरिनगराले देवानगंज गाउँपालिका- ७ स्थित सडक किनारबाट ४९ किलो २९० ग्राम गाँजा बरामद गरेको थियो।

गाँजा ओसार पसारमा संलग्न व्यक्तिहरुको खोज तलास तथा थप अनुसन्धान भईरहेको छ।


## सूचना सूचना सूचना

सडक क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो। यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ। सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं।

सडक डिभिजन कार्यालय
विराटनगर, कोशी प्रदेश

# मौद्रिक नीतिको व्यवहारिक कार्यान्वयन र वित्तीय क्षेत्रको नवीन समायोजन

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८२/०८३ का लागि सार्वजनिक गरेको मौद्रिक नीतिलाई कार्यान्वयनमा ल्याएको छ। नीति सार्वजनिक गरिएको केही दिनमै राष्ट्र बैंकले त्यसलाई कार्यरूप दिन थालिसकेको छ। यो सन्दर्भमा सेयर धितो कर्जा, आवास कर्जा, विपन्न वर्ग लक्षित कर्जा, वित्तीय विवरण प्रकाशनको समयसीमा पुनर्तालिकीकरण सुविधा जस्ता थुप्रै क्षेत्रमा गम्भीर कार्यगत सुधारको संकेत गरिएको छ।



रमेश कुमार बोहोरा

राष्ट्र बैंकले साउन १ गतेदेखि सेयर धितोमा राखेर पाउने कर्जाको सीमा बढाएको छ। अबदेखि सेयर धितोमा राखी लिने मार्जिन प्रकृतिको कर्जामा एकल ग्राहक कर्जाको सीमा अधिकतम २५ करोड रुपैयाँ तोकिएको छ। यसअघि यो सीमा १५ करोड रुपैयाँ थियो। यसले पूँजी बजारमा सकारात्मक प्रभाव पारेको छ। जसका प्रमाण स्वरूप सेयर बजारमा तीन दिनसम्म उच्च अंकको वृद्धि देखिएको छ।

यद्यपि यो सीमा मार्जिन कर्जाका लागि मात्र लागु हुने जनाइएको छ। अन्य प्रयोजन का लागि सेयर धितो राखी लिने कर्जामा भने सीमा कायम गरिएको छैन। यसले साना तथा खुद्रा लगानीकर्तादेखि लिएर ठूला संस्थागत लगानी कर्तासम्मका लागि कर्जा प्रवाह सहज बनाउने अपेक्षा गरिएको छ। संस्थागत ऋणीका लागि कुनै सीमा नराखिएकाले यस्तो नीतिले संस्थागत लगानीलाई प्रोत्साहित गर्ने सम्भावना छ।

यसका अतिरिक्त राष्ट्र बैंकले पहिलोपटक घर किन्ने व्यक्ति हरूका लागि पनि ठूला सहुलियत ल्याएको छ। हालसम्म ७० प्रतिशत रहेको लोन टु भ्यालु रेसियो बढाएर ८० प्रतिशत पुऱ्याइएको छ। यो कर्जा अधिकतम ३ करोड रुपैयाँसम्म लिन सकिनेछन्। यस्तो सुविधा लिँदा कर्जा लिने व्यक्तिले पहिलोपटक घर किनिरहेको प्रमाणित गर्नु पर्नेछ भने घरको आकार अधिकतम ३ हजार वर्गफिटसम्म हुनुपर्ने छ। यसले पहिलोपटक घर किन्न चाहने मध्यम वर्गका लागि ठूलो राहत प्रदान गरेको छ।

घर भाडाबाट हुने आम्दानीलाई आम्दानी स्रोतको रूपमा देखाउन नमिल्ने व्यवस्था, कर्जाको ब्याजदर बढ्दा मासिक किस्ता बढ्न नदिने प्रावधान तथा घरको मूल्यांकनको आधारमा कर्जा प्रवाह गर्ने जस्ता निर्देशिका संशोधनले कर्जाको गुणस्तर, पारदर्शिता र दिगोपन सुनिश्चित गर्न खोजिएको देखिन्छन।

रियल स्टेट क्षेत्रको कर्जामा पनि सुधार ल्याइए को छ। हालसम्म ६० प्रतिशत कायम गरिएको रियलस्टेट कर्जाको लोन टु भ्यालु रेसियो अब ७० प्रतिशतसम्म पुग्न सक्ने व्यवस्था गरिएको छ तर यो विशेषतः घर निर्माण व्यवसाय कम्पनी तथा सरकारले स्वीकृत परियोजनामा मात्रै लागू हुनेछ। यसले नियमनबिना भइरहेको आवास विकासमा अंकुश लगाउने र व्यवस्थित विकासको मार्ग खुलाउने सम्भावना देखिएको छ।

यसका साथै राष्ट्र बैंकले वित्तीय विवरण प्रकाशन सम्बन्धी समयसीमा पनि संशोधन गरेको छ। अब बैंक तथा वित्तीय संस्था हरूले त्रैमासिक विवरण त्रैमास सकिएको १५ दिनभित्र र चौथो त्रैमासको विवरण साउन ३० गतेभित्र प्रकाशन गर्न सक्नेछन्। पहिले यो समयसीमा क्रमशः ७ र २१ दिन रहेको थियो। यो लचिलो व्यवस्था वित्तीय संस्थाहरूका लागि रिपोर्टिङको सहजता र कार्यसञ्चालनमा लचीलोपन ल्याउने दिशामा गरिएको सुधार मानिन्छन।

युवावर्ग लक्षित कर्जामा पनि यस वर्षको मौद्रिक नीतिले ठूला परिवर्तन ल्याएको छ। विशेषतः वैदेशिक रोजगारका लागि जाने युवाहरूलाई लक्षित गर्दै पुरुषलाई ३ लाख र महिलालाई ५ लाख रुपैयाँसम्मको कर्जा धितोबिना उपलब्ध गराउने निर्णय कार्यान्वयनमा ल्याइएको छ। पहिले यो सीमा १ लाख ५० हजार रुपैयाँ मात्र थियो। राष्ट्र बैंकको परिपत्र अनुसार अब यस्तो कर्जा 'विपन्न वर्ग कर्जा' मा गणना गर्न सकिनेछ। यसले युवालाई आत्मनिर्भर र स्वरोजगार बनाउने दिशामा प्रेरित गर्ने अपेक्षा गरिएको छ।

जाजरकोट, रुकुम लगायत कात्तिक २०८० को भूकम्प प्रभावित क्षेत्रका ऋणीहरूका लागि राष्ट्र बैंकले कर्जाको पुनर्तालिकीकरण तथा पुनःसंरचनाको व्यवस्था कार्यान्वयन मा ल्याएको छ। व्यावसायिक कर्जा, आवासीय कर्जा र अन्य व्यक्तिगत कर्जामा यस्तो सुविधा लागू हुने उल्लेख गरिएको छ। ऋणीको अनुरोधमा कर्जा पुनर्तालिकीकरण गर्न पाउने यो सुविधा सन् २०२५ अक्टोबर १६ (२०८२ असोज मसान्त) भित्रमा सम्पन्न गर्नुपर्नेछ।

कर्जा पुनर्संरचनाका लागि ऋणीको नगद प्रवाह र आम्दानीको विश्लेषण गरी कम्तीमा १० प्रतिशत ब्याज असुल गर्नुपर्ने व्यवस्था गरिएको छन। साथै पुनर्तालिकीकरण वा पुनर्संरचनाको अवस्थामा पनि कर्जालाई पुरानै वर्गीकरणमा राख्नुपर्ने प्रावधानले वित्तीय अनुशासन कायम राख्ने प्रयास गरिएको देखिन्छन।

यी सबै निर्णयहरू सैद्धान्तिक मात्र नभइ कार्यान्वयनमा ल्याइएको अवस्था देख्दा यो वर्षको मौद्रिक नीति व्यवहारिक पनि बन्न खोजेको देखिन्छ। विशेषतः गभर्नर विश्वनाथ पौडेलको कार्यकालमा मौद्रिक नीतिले सेयर बजार, आवास क्षेत्र, युवा लक्षित कर्जा, विपद् प्रभावित क्षेत्रका ऋणीहरू लगायत सबै पक्षलाई सम्बोधन गर्ने बहुआयामिक दृष्टिकोण लिएको पाइन्छ।

यो नीतिले अपेक्षित परिणाम दिन सक्षम छ वा छैन भन्ने कुराको मूल्यांकन नीति कार्यान्वयनको गहिराइ, बैंक तथा वित्तीय संस्थाहरूको जिम्मेवारीबोध र सरकारी समन्वयको प्रभावकारितामा निर्भर रहनेछ। कर्जाको असुली दर, बैंकिङ क्षेत्रको तरलता अवस्था, ब्याजदरको सन्तुलन र क्रेडिट ग्रोथका सूचकहरू निकट भविष्यमै यसको प्रभाव मापन गर्न सहयोगी हुनेछन्।

यसरी हेर्दा २०८२/०८३ को मौद्रिक नीतिको कार्यान्वयनले केवल आर्थिक सूचकमा सुधार ल्याउने मात्र होइन सामाजिक आर्थिक रूपान्तरणको दिशामा पनि अग्रसर गराउने आशा गरिएको छ। नीति बहुआयामिक छ अब यसको प्रभावकारिता त्यसको निष्पादन क्षमतामा निर्भर रहनेछ। प्रेस तथा सार्वजनिक निगरानीद्वारा यसको प्रभाव निरन्तर मूल्याङ्कन हुन आवश्यक छ ताकि नीति र व्यवहारको खाडल झनै साँघुरो बनाइयोस्।

(लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ।)


डिभिजन वन कार्यालय मोरङ अन्तर्गतका नर्सरीहरूबाट निःशुल्क विरुवा वितरण भइरहेको बारे जरुरी सूचना

यो वृक्षरोपणको समय हो। सम्पूर्ण जिल्लावासीमा आ–आफ्नो निजी खाली जग्गा, सार्वजनिक, ऐलानी पर्ति जग्गाको साथै वन उपभोक्ता समुहहरूको खाली वन क्षेत्रमा विरुवा रोप्न आह्वान गरिन्छ। डिभिजन वन कार्यालय मोरङ अन्तर्गत सञ्चालित विभिन्न वन नर्सरीहरूबाट २०८२ असार ८ गतेदेखि निःशुल्क रुपमा काठ, दाउरा, डालेघाँस र अन्य विभिन्न प्रजातिका विरुवाहरू वितरण भइरहेको हुनाले विरुवा संरक्षणको भरपर्दो व्यवस्था गरी आवश्यक कागजातसहित आफूलाई पायक पर्ने नर्सरीमा समयमै सम्पर्क गरी विरुवा प्राप्त गर्नु हुन सम्बन्धित सबैलाई सूचित गरिन्छ।

सम्पर्क नंबर
- ९८५२०२६६१४
- ९८५२०८१११०
- ९८५२०३२६२४
- ९८५२०३२६२३
- ९८५२०७०२५७
- ९८५२०७०२५९

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
डिभिजन वन कार्यालय मोरङ
कोशी प्रदेश विराटनगर


## लागुऔषध ओसार-पसार मा संलग्न ९ पक्राउ

विराटनगर। मोरङ, सुनसरी र उदयपुरबाट लागू औषध ओसारपासरमा संलग्न ४ जना महिला सहित ९ जनालाई प्रहरीले पक्राउ गरेको छ।

असार ३२ बुधवार लागू औषध बेचबिखान भईरहेको छ भन्ने विशेष सुचनाको आधारमा सुनसरीको अस्थायी प्रहरी चौकी रेल्वे, अहरहाट र बरगाछीबाट खटिएको प्रहरी टोलीले ट्रामाडोल १ हजार ६२ क्याप्सुल, डिकोलिक ८ सय ४२ ट्याब्लेट र डिभोमिन २ सय २० चक्की सहित धरान-१० का २४ वर्षीय अंकित राई र धरान- ६ का २१ वर्षीय भरत मगर, धरान- १३ का २३ वर्षीय सागर राई, धरान- ५ की २१ वर्षीया ज्योती राई, २६ वर्षीया नुमा लिम्बु र धरान- ५ की २३ वर्षीया सुजना राईलाई पक्राउ गरेको थियो।

त्यसैगरी मोरङको रंगेली नगरपालिका-६ स्थित इलाका प्रहरी कार्यालय रंगेलीले चेकजाँचको क्रममा दमक नगरपालिका-९ झापाका ३५ वर्षीय शिव कुमार सोरेन र कमल गाउँपालिका-१ का ३३ वर्षीय आकाश खड्कालाई नाईट्राजाम १ सय ५५ चक्की सहित नियन्त्रणमा लिएको थियो।

त्यसै गरी उदयपुरको इलाका प्रहरी कार्यालय रामपुरठोक्सिलाले बेलका नगरपालिका- ८ की २१ वर्षीया रेजिना राईलाई ट्रामाडोल ७६ क्याप्सुल सहित पक्राउ गरेको छ।

पक्राउ परेकोहरु माथि कानुनी कारवाही हुनका साथै थप अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ।

## धारिलो हतियार प्रहार गरी हत्या गरेको आरोपमा १ पक्राउ

विराटनगर। इलामको माईजोगमाई गाउँपालिका-२ का २३ वर्षीय प्रकाश चापागाईलाई धारिलो हतियार छुरा प्रहार गरी हत्या गरेको र उनका दाजु ३२ वर्षीय निरोज चापागाईलाई छुरा प्रहार गरी घाईते बनाएको आरोपमा सुर्योदय नगरपालिका-१ का ३३ वर्षीय किरण शेर्पालाई प्रहरीले पक्राउ गरेको छ।

असार ३२ बुधवार राती सुर्योदय नगरपालिका-१ स्थित ससुसाली घरमा आएका माईजोगमाई गाउँपालिका-२ का निरोज चापागाई र उनका भाई प्रकाश चापागाईलाई सुर्योदय नगरपालिका-१ का किरण शेर्पाले सामान्य वाद विवादको क्रममा छुरा प्रहार गर्दा प्रकाश चापागाईको घटनास्थलमानै मृत्यु भएको थियो।

निरोज चापागाई गम्भिर घाईते भएकोमा झापा स्थित बि एण्ड सि अस्पताल बिर्तामोडमा उपचार भईरहेको छ। हत्या पश्चात फरार भएका शेर्पालाई खोजतलासको क्रममा साउन १ शुक्रवार सुर्योदय नगर पालिका-१ मानेभञ्ज्याङ स्थितमा भाग्दै गरेको अवस्थामा प्रहरीले पक्राउ गरेको थियो।

पक्राउ परेका शेर्पाको कर्तव्य ज्यान कसुरमा इलाका प्रहरी कार्यालय पशुपतिनगर बाट थप अनुन्सधान तथा कानूनी कारवाही भईरहेको छ।





कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसाबमा भर, हच्वामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।
अन्तरिक राजश्व कार्यालय विराटनगर

## विद्यार्थीहरूलाई...

नहुने सल्लाह लुसी क्यालकिन्स दिन्छिन् ।

त्यसैले लेखनलाई पाठ्यक्रम को आरपार समन्वय गर्नुपर्छ ।

यो भनेको लेखन सीपलाई भाषादेखि विज्ञान, सामाजिक शिक्षा र अन्य विषयमा पनि सुदृढीकरण गरिनुपर्छ। र, यसलाई भाषा शिक्षकको जिम्मेवारीका रूपमा मात्र लिनु हुँदैन ।

यसरी लेखनलाई हरेक विषयमा प्रतिदिन अभ्यासका रूपमा अघि बढाउनुपर्छ ।

विशेष गरी कक्षा १ देखि ३ सम्मका विद्यार्थीमा प्रयोग हुने निर्देशित लेखन (गाइडेड राइटिङ) लाई अर्को एक प्रमाणित विधि मानिन्छ। यो प्रक्रियामा विद्यार्थीका साना समूहलाई निर्देशित लेखनदेखि स्वतन्त्र लेखनतर्फ लगिन्छ। यसले लेखनमा कठिनाइ भएका विद्यार्थीलाई सहयोग पुग्ने अध्ययनहरूले देखाएका छन् ।

निर्देशित लेखनका चरणहरू छन्। यसमा पनि लेखन कार्यशालाको शैलीमा 'मिनी-लेसन' (लघु-पाठ) को माध्यम बाट लेखन प्रक्रिया प्रारम्भ गरिन्छ ।

जस्तै, कहाँबाट लेखको राम्रो सुरूआत गर्ने ।

यसमा विद्यार्थीलाई ३ देखि ६ जनाको समूहमा राखिन्छ। विद्यार्थीहरूलाई सुझाव दिँदै, पृष्ठपोषणबाट लेखनलाई सबलीकरण गरिन्छ। र, उनीहरूलाई स्वतन्त्र लेखक बन्नेतर्फ निर्देश गरिन्छ ।

लेखन सीपको विकास गर्दा यसका वर्ग (जनरा) हरूमा पनि उत्तिकै ध्यान दिन आवश्यक छ ।

उदाहरणका लागि, विद्यार्थी लाई व्यक्तिगत वृत्तान्त लेख्न सिकाएपछि त्यसैलाई आधार मानेर जानकारीमूलक लेखन ( इन्फर्मेसनल राइटिङ) तर्फ वा कथात्मक (फिक्सनल) लेखनतर्फ मार्गनिर्देशन दिनुपर्छ। यसले लेखनलाई विविधता प्रदान गर्छ र लेखनमा रूचि जगाउँछ ।

लेखनका विकासात्मक चरणलाई केन्द्रमा राखेर फाउन्टास पिनेलले अघि सारेको लेखन अनुक्रम (राइटिङ कन्टिन्युम) अनुसन्धानबाट प्रमाणित अर्को उत्कृष्ट मापदण्ड हो, जसलाई गुणस्तर युक्त प्रगतिशील विद्यालयहरू ले प्रयोगमा ल्याउँछन्। यी मापदण्डले उमेरको आधारमा लेखनक्रम विकास गर्ने मार्गदर्शन दिन्छ ।

बुझिराखौं, मापदण्ड भनेको कुनै कक्षा विशेष, उमेर वा तहमा विद्यार्थीले हासिल गर्नुपर्ने अपेक्षित सीप, ज्ञान वा कार्यक्षमताको स्तर हो र यसको प्रयोग मूल्यांकन, तुलना वा विशिष्ट उद्देश्य निर्माणमा प्रयोग गर्न सकिन्छ ।

फाउन्टास पिनेलले पूर्वप्राथमिक तहदेखि माध्यमिक तहसम्म उमेरगत आधारमा, जसलाई कक्षागत आधारमा पनि ढाल्न सकिन्छ, लेखनका अनुक्रम दिएका छन् ।

उदाहरणका लागि, कक्षा १ मा हुँदा (वा यो उमेरगत समय सीमाभित्र) लेखनको यतिसम्म विकास हुनुपर्छ भनेर तोकिएको छ। त्यो मापदण्डलाई विकास क्रमको खाकामा कक्षा २, ३, ४ गर्दै उँभोतर्फ लगिएको छ। तिनलाई आधार मान्दा लेखन सीपको क्रमिक 'स्क्याफोल्डिङ' हुने अध्ययनले देखाउँछन् ।

विद्यालयहरूले आफ्ना साक्षरताका कार्यक्रममा यी मापदण्डलाई आधार मानेर लेखनलाई सजिलै अघि बढाउन सक्छन्। ती मापदण्डलाई लेखनको संरचनात्मक बनावटमा ढाल्न सक्छन् र अध्यापन योजनालाई पूर्णता दिन सक्छन् ।

फाउन्टास पिनेलले ती विकासात्मक लेखन अनुक्रम का मूल्यांकनका आधार पनि तोकेका छन्, जसको प्रयोग गरेमा विद्यार्थीलाई पृष्ठपोषण का साथ मार्गनिर्देशन गर्न सकिन्छ ।

माथि उल्लिखित बाहेक लेखनका अन्य शैक्षिक सिद्धान्त र अभ्यासहरू पनि छन्, जुन अध्यापनका लागि शिक्षण को केन्द्र परिभाषित गर्दै लेखन योजना संरचना गरिन्छ । विद्यालयहरूले तिनलाई प्रयोगमा ल्याएर लेखन कार्यक्रमलाई विशिष्टीकृत गर्न सक्छन् र लेखनलाई पूर्णता दिन सक्छन् ।

लेखनको पनि एक प्रकारको बोली वा पारा हुन्छ, यसलाई 'भ्वाइस' भनिन्छ। यसमा पाठकले लेखकलाई नदेख्दा पनि उसको व्यक्तित्वको आभास गराउँछ, रङ देखाउँछ, एक शैली परिभाषित गर्छ, लेखकको ज्ञानको गहिराइ पनि प्रकट गर्छ। जब त्यो भ्वाइसले गहन स्वरूप लिन्छ, लेखन गहिरो र प्रभावशाली बन्छ। यस अवस्थामा लेखनको खाका प्राकृतिक बन्छ, लेखन स्वतः स्फुरण हुन्छ ।

विद्यालयको लेखन योजनामा प्राथमिक तहदेखि नै भ्वाइसलाई समायोजन गरिन्छ र हरेक विद्यार्थीका विचारहरूमा भ्वाइसलाई विकसित गराउँदै लेखन प्रवाहमा मौलिकता दिइन्छ। यसले लेखन स्वाभाविक बन्छ ।

बोल्ने र लेख्नेका संरचना फरक हुन्छन्, तसर्थ बोल्नेले लेख्न सक्छन् भन्ने हुँदैन ।

मैले यो लेखको सुरूमा सन्दर्भ दिएका मेरा मित्रको पनि समस्या यही थियो !

उहाँसँग विचार थियो तर त्यसलाई लेखनको संरचनामा ढाल्ने खाका थिएन। अभिव्यक्त गर्ने लेखन सीप थिएन। भ्वाइसको विकास भइसकेको थिएन। केही लेखे पनि कनिकुथी लेखिएको प्रस्ट हुन्थ्यो ।

यो कठिनाइको समाधान वयस्क हुँदा नहुने भन्ने होइन, यी दुवै सीप जीवनको कुनै पनि समयमा विकास गर्न सकिन्छ। इच्छाशक्ति र अभ्यास चाहिन्छ ।

'सकुन्तला' महाकाव्य दस दिनमै र 'कुन्जनी' एकै रातमा सिद्ध्याएका महाकवि लक्ष्मी प्रसाद देवकोटा भन्छन्, 'म कुनै शैलीका लागि लेख्दिनँ, जे मनमा आँउछ त्यही लेख्छु। म आफ्ना रचना सुधार्दिनँ, झन् राम्रो बनाउन खोज्दा त्यो झनै बिग्रिन्छ ।'

संसारभर प्रसिद्ध जापानी लेखक हारूकी मुराकामी भन्छन्, 'म त मेरा कथालाई आफै बोल्न दिन्छुर म त बस लेख्छु मात्रै र बग्दै जान्छु ।'

माथिका उदाहरणले लेखन को प्रवाह जनाउँछ। त्यस्तै प्रवाह विकास गर्नु विद्यालय साक्षरताको लेखन कार्यक्रमको लक्ष्य हो ।

लेखन विद्यालयले दिने सीप मात्र होइन, विकास गर्नुपर्ने एक प्रमुख संस्कार पनि हो। यसले हाम्रा अहिलेका साना तर भविष्यका लेखकलाई आफ्ना विचार प्रकट गर्दा लेखनले आनन्द दिन सकोस्, विचारको शुद्धीकरण गरोस्, मन र भाषालाई अनुशासित बनाओस्, नियम, अभ्यास, अध्ययन र धैर्य विकास गरोस् ।

(लेखक प्रविज्ञ रेग्मी एजुकेसन फर द नेक्स्टजेन र न्यू मिलेनियम स्कुल इमाडोल, ललितपुरका संस्थापक अध्यक्ष हुन्)

# वाईसिएल कोशीद्वारा श्रम अभियान सुरु



धरान । वाइसीएल नेपाल कोशी प्रदेश समितिले श्रम अभियान सुरु गरेको छ ।

वाइसिएल सुनसरीको सहकार्य र वाइसीएल धरान उपमहानगर समिति व्यवस्थापनमा धरानस्थित कालिखोला सामुदायिक वनमा वृक्षारोपण र सरसफाइ गरि अभियानको उदघाटन गरिएको हो ।

प्रदेशको १४ जिल्लामध्ये १० जिल्ला ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, तेह्रथुम, खोटाङ, सोलुखुम्बु र उदयपुरमा विभिन्न कार्यक्रम गरि यो अभियान सुरु भएको वाइसिएल कोशीका अध्यक्ष विक्रम लिम्बूले जानकारी दिए ।

वाइसीएल इलामको आयोजनमा माइ नगर पालिका २-४ मा अवस्थित नमुना सामुदायिक वन उपभोक्ता समितिमा सरसफाइ, वक्षारोपण, बेसार रोपन गरिएको छ ।

माओवादी केन्द्र निकट वाईसीएलले आजदेखि देशभर 'श्रम तथा उत्पादनमा वाईसीएल' अभियान सुरु गरेको हो । ललितपुरको बालकुमारी चौर, सुनाकोठीमा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले वृक्षारोपण, इँटालगाउने, नाली सफा गर्ने, चौरको घाँस काटेर अभियानको उद्घाटन गरेका हुन् ।

गत असार १७ र १८ गते बसेको वाईसीएलको पदाधिकारी बैठकले साउन र भदौमा दुई महिने श्रम अभियान चलाउने निर्णय गरेको थियो ।

## तरकारी बोकेको बलेरो गाडीबाट लागुऔषध गाँजा बरामद

विराटनगर । उदयपुरको कटारी नगरपालिका-२ स्थित सिद्दिचरण लोकमार्गमा चेकजाँचको क्रममा प्रहरीले तरकारी बोकेको बलेरो गाडीबाट ४ सय ३६ किलो १ सय ४० ग्राम लागूऔषध गाँजा बरामद गरेको छ ।

असार ३० गते मंगलबार कटारीबाट सिरहाको मिर्चैया तर्फ जाँदैगरेको को.१ज १२७५ नम्बरको तरकारी बोकेको बलेरो गाडीलाई संका लागी चेकजाँच गर्दा उक्त गाडीबाट १२ वटा बोरामा लुकाई छिपाई लैजादै गरेको ४ सय ३६ किलो १ सय ४० ग्राम गाँजा प्रहरीले बरामद गरेको थियो ।

लागूऔषध गाँजा बरामद भएसँगै गाडी र चालक धनकुटा सहिदभुमी-२ का २९ बर्षीय तेज राईलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय कटारीबाट थप अनुसन्धान तथा कानूनी कारवाही भईरहेको छ ।

## गाँजा बोकेको ट्रक नियन्त्रणमा

विराटनगर । मोरङको कटहरी गाउँपालिका-३ कटहरी चोक स्थितबाट ३ हजार १ सय ५० किलोग्राम गाँजा बोकेको ट्रक प्रहरीले नियन्त्रणमा लिएको छ ।

असार २९ सोमवार राती ००:३० बजे प्रहरी चौकी कटहरीबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा को. १ ख ४५१८ नम्बरको ट्रकबाट १ सय ५ वटा बोरामा प्याक गरी राखेको ३ हजार १ सय ५० किलोग्राम गाँजा बरामद गरेको थियो ।

बरामद गरीएको गाँजा जिल्ला प्रहरी कार्यालय मोरङमा ल्याईएको छ भने ओसार पसारमा संलग्न व्यक्तिहरुको खोजतलाश भईरहेको छ ।






ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।